# मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको
# पाँचौ वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

**१) वैधानिक सभा :**

कम्पनी ऐन २०६३ र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको नियमावलीको नियम २३ बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरतराज ढकाल ज्यूको अध्यक्षतामा मिति २०८० पौष २५ गते बुधबार तदनुसार जनवरी १०, २०२४ का दिन, यति इभेन्ट्स् एण्ड कन्फरेन्स सेन्टर बसुन्धारा, काठमान्डौमा १:०० बजे पूर्व निर्धारित विषयहरुमा छलफल गर्न बैठक संचालन भयो ।

**२) सभा बस्ने सम्बन्धी सूचना जारी :**

कम्पनी ऐन २०६३ को दफा ७६ र यस कम्पनीको नियमावली बमोजिम मिति २०८० पौष ०२ गते सोमबारका दिन बसेको सञ्चालक समितिको ७३ औं बैठकको निर्णय बमोजिम, यस कम्पनीको पाँचौ वार्षिक साधारण सभाका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम २१ दिन अगावै वार्षिक साधारण सभाको सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम मिति २०८० पौष ०४ गते **अन्नपूर्ण राष्ट्रिय दैनिक** र २०८० पौष ०५ गते **कारोबार राष्ट्रिय दैनिक** पत्रिकामा सुचना प्रकाशित गरी सबै शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो ।

**३) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षजूको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०७८ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना संचालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१. प्रबन्धपत्र र नियमावलिमा प्रस्तावित दफाहरु तथा नियमहरु संसोधन गर्ने ।
२. अध्यक्ष र संचालकहरुको बैठक भत्ता संसोधन/वृद्धि गर्ने ।
३. प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

(ग) विविध ।

१. मुक्तिनाथ आइटेक लिमिटेडको तदर्थ समिति गठन सम्बन्धमा ।

**४) उपस्थिति :**

**४.१) सञ्चालकहरुको उपस्थिति :**

क) श्री भरत राज ढकाल – अध्यक्ष

ख) श्री सिताराम काफ्ले –सञ्चालक
ग) श्री तुलसीराम ढकाल –सञ्चालक
घ) श्री मोहन कुमार बस्नेत –सञ्चालक
ङ) श्रीमति शिखा मास्के –सञ्चालक
च) श्री गोविन्द बहादुर राउत –सञ्चालक

**(४.२) अन्य उपस्थिति**

(क) श्री रामशरण तिमल्सिना –कम्पनी सचिव

**५) गणपुरक संख्या :**

| विवरण | कुल संख्या | स्वयम् उपस्थिती | प्रतिनिधिद्धारा उपस्थिती | जम्मा उपस्थिती | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या (संस्थापक र सर्वसाधारण) | १,२८,३७६ | १७५ | २८ | २०३ | ०.१५८ |
| शेयर संख्या | ७०,००,००० | ३५,६४,००० | १,०५,००० | ३६,६८,००० | ५२.४ |

**६) सभाको वैधानिकता र सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७३ मा साधारण सभामा कम्पनीको बिक्री भएको जम्मा शेयर संख्याको कम्तीमा ५१% शेयरको प्रतिनिधित्व हुने गरी खरिद गर्ने कुल शेयरधनी मध्ये कम्तीमा ३ जना शेयरधनीहरुको स्वयम् वा निजका प्रतिनिधिहरु मार्फत उपस्थित भएमा सभाको लागि गणपूरक संख्या पुगेको मानिने प्रावधान बमोजिम नै यस कम्पनीको कूल ७०,००,००० कित्ता मध्ये ३६,६८,००० शेयर कित्ताका २०३ जना शेयरधनीहरु स्वयम् उपस्थित तथा प्रतिनिधि मार्फत गरी कूल शेयरधनीको ०.१५८ प्रतिशत र कुल शेयर संख्याको ५२.४ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन २०६३ र यस कम्पनीको नियमावलीको नियम २३ अनुसार सभाको गणपुरक संख्या पुगेको जानकारी सभालाई अध्यक्ष मार्फत कम्पनी सचिव श्री रामशरण तिमल्सिनाले गराउनु भयो ।

पाँचौ वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेकोले, कम्पनी सचिव तथा कार्यक्रम संचालक श्री रामशरण तिमल्सिनाले कम्पनीका अध्यक्ष श्री भरत राज ढकालज्यूलाई पाँचौ वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरिदिनुहुन अनुरोध गर्नु भयो र श्री अध्यक्षज्यूबाट सभाको सभापतित्व ग्रहण भयो ।

कम्पनी सचिव श्री रामशरण तिमल्सिनाले सभाको शुरुवात गर्न स्विकृतीको लागि सभाको सभापतिज्यूलाई अनुरोध गर्नु भयो । साथै दिउसोको १:०० बजे सभाको वैधानिक रुपमा औपचारिक कार्यक्रम अगाडी बढाईयो ।

**७) सञ्चालक, अतिथी तथा शेयरधनीहरुको आसन ग्रहण :**

कार्यक्रम सञ्चालकले पाँचौ वार्षिक साधारण सभामा उपस्थित कम्पनीका सञ्चालकहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, यस कम्पनीको ठूलो लगानीकर्ता मुक्तिनाथ विकास बैंकका संचालकहरु, प्रमुख कार्यकारी अधिकृत लगायत अन्य

उपस्थित महानुभावहरुलाई आसन ग्रहण गराइयो । साथै सञ्चालक समितिको तर्फबाट स्वागत मन्तब्य सञ्चालक श्री गोविन्द बहादुर राउतले गर्नु भएको थियो ।

**८) पाँचौ वार्षिक साधारण सभाका प्रस्तावहरु प्रस्तुत :**

कम्पनी सचिव श्री रामशरण तिमल्सिनाले पाँचौ वार्षिक साधारण सभाका प्रस्तावहरुको सम्बन्धमा सभालाई जानकारी गराउनु भयो ।

**९) वार्षिक साधारण सभाको प्रस्तुती :**

कम्पनीको वार्षिक साधारण सभामा अध्यक्षज्यूले आफ्नो मन्तव्य सहित तपशिलका विषयहरुमा छलफलका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

९.१) संचालक समितिको तर्फबाट आ.व.०७९/०८० को वार्षिक प्रतिवेदन पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२) तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब,नगद प्रवाह लगायतका विवरणहरु कम्पनी सचिव श्री रामशरण तिमल्सिनालाई प्रस्तुत गर्न लगाई त्यस उपर छलफलको लागि सभा समक्ष पेश गर्न अनुरोध भयो ।

९.३) त्यसैगरी आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धि प्रस्ताव सभामा पेश गर्न कम्पनी सचिवलाई अख्तियारी प्रदान गर्नु भयो ।

९.४) त्यसैगरी, संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने १ जना संचालकहरुको निर्वाचन सम्बन्धि कार्यको लागि दोश्रो चरणमा प्रकृया तथा नतिजा घोषणाको लागि निर्वाचन अधिकृत श्री सुमन पौडेललाई अगाडी बढाउनका लागि कम्पनी सचिव मार्फत जानकारी भयो ।

९.५) तत्पश्चात, विशेष प्रश्ताव अन्तरगत प्रबन्धपत्र र नियमावलिमा प्रस्तावित दफाहरु तथा नियमहरु संसोधन गर्ने प्रश्ताव सभासमक्ष कम्पनी सचिवद्धारा प्रस्तुत भयो ।

९.६) त्यसैगरी, अध्यक्ष र संचालकहरुको बैठक भत्ता संसोधन/वृद्धि गर्ने सम्बन्धि प्रश्ताव पारितका लागि सभा समक्ष प्रस्तुत भयो ।

९.७. त्यस्तै, प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धि प्रस्ताव पारीत गर्नको लागि साधारण सभा समक्ष पेश भयो ।

९.८ साथै, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धि प्रस्ताव सभा समक्ष प्रस्तुत भयो ।

९.१० विविधमा रहेको यस कम्पनीको सहायक कम्पनी श्री मुक्तिनाथ आइटेक लिमिटेडको प्रथम साधारण सभा नभएसम्मको लागि तदर्थ समिति निर्माण गर्ने प्रश्ताव सभा समक्ष प्रस्तुत भयो ।

अध्यक्ष ज्युको निर्देशन अनुसार माथि उल्लेखित विभिन्न प्रस्तावहरुको सम्बन्धमा कम्पनी सचिव श्री रामशरण तिमल्सिनाले सभा समक्ष थप विस्तृत जानकारी गराई छलफल र निर्णयको लागि सभा समक्ष पेश गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने सेयरधनीहरुको प्रस्तुतीकरण :**

१०.१) **सेयरधनी श्री शम्भु थपलियाले** बढ्दो क्रममा रहेको सेयर बजारको सम्बन्धमा जिज्ञासा राख्नुभयो । त्यस्तै उत्पादन लागत घटाउने । उद्योगहरुको स्थापना गर्ने, प्रतिश्पर्धि बजारमा तुलनात्मक लाभका उत्पादनहरु गर्नको लागि सुझावहरु प्रस्तुत गर्दै कम्पनीले कृषि क्षेत्रको संस्थागत विकासका लागि गरेका कार्यहरुको प्रशंसा गर्नुभयो ।

१०.२) **सेयरधनी श्री युगलनारायण बसेलले** कम्पनीको सुधारीएको वासलात तथा प्रशासनिक खर्चमा भएको कटौतीको लागि धन्यवाद व्यक्त गर्दै कर्मचारी खर्चमा भएको वृद्धिको सम्बन्धमा जिज्ञासा राख्नुभयो । साथै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

१०.३) **सेयरधनी श्री अर्जुन कुमार क्षेत्रीले** अनौपचारीक रुपमा रहेको कृषि वस्तुहरुको संकलन, ढुवानी र वितरणका कारण उपभोक्ताले चर्को मूल्य तिर्नुपरेको सम्बन्धमा जानकारी गर्दै कम्पनीले कृषकहरुका उत्पादनलाई खरीद गरी बजारमा कम मूल्यमा गुणस्तरीय कृषि उपजहरुको पहुँच पुर्याउनु पर्नेमा जोड दिनुभयो । साथै कम्पनीलाई अर्गानिक उत्पादन र वितरणमा लाग्नको लागि सुझाव दिनुभयो ।

१०.४) **सेयरधनी श्री निरुपमा गुप्ताले** वार्षिक साधारण सभालाई असोज कार्तिकमा नै गर्दा प्रभावकारी हुने सुझाव पेश गर्नुभयो । त्यस्तै कृषि कम्पनीले ठुलो मात्रामा रोजगारी सिर्जना गर्न र भिजन ८५ को बारेमा थप जिज्ञासा राख्दै बोल्ने अवसर प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

**११) सेयरधनी महानुभावहरुका सल्लाह, सुझाव र जिज्ञासाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू र व्यवस्थापनको तर्फबाट प्र.का.अ को जवाफ :**

बुँदा नं. १० अन्तर्गत सेयरधनी महानुभावहरुले दिनुभएको सल्लाह, सुझाव र जिज्ञासाहरुका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले र व्यवस्थापनको तर्फबाट नायव महाप्रबन्धक श्री रामशरण तिमल्सिना ज्यूले स्वागत गर्दै हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । अध्यक्षज्यूले राष्ट्रिय तथा अन्तराष्ट्रिय कृषिको अवस्था र समग्रमा उठेका जिज्ञासाहरुलाई कम्पनीको भिजन ८५ तथा त्यसले निर्दिष्ट गरेको कृषि श्रोत केन्द्र, कृषि प्रशोधन केन्द्र, कृषि बजार केन्द्र र कृषि व्यवसाय परामर्श केन्द्रको आधारणामा आधारीत कार्यहरुको मार्फत समग्र कृषि मूल्य श्रृंखला व्यवस्थापनमा नेतृत्वदायि भुमिका निर्भाह गर्दै शेयर बजारको अवस्था संगै कम्पनीको वित्तिय अवस्थालाई मजबुत बनाउदै अगाडी बढ्ने विश्वास दिलाउनु भयो । त्यस्तै नायव महाप्रबन्धक श्री रामशरण तिमल्सिनाले हलमा उठेका प्राविधिक तथा व्यवस्थापकीय जिज्ञासाहरुको सम्बन्धमा धारणा तथा कम्पनीका कार्यहरुको बारेमा प्रस्तुती भयो ।

**१२) सभाका निर्णयहरुः**

**सामान्य प्रशताव उपर निर्णयहरुः**

**निर्णय नं १ः**



Muktinath Krishi Co. Ltd.

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री भरतराज ढकाल ज्युबाट प्रस्तुत भएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल भई सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं २:**

संचालक समितिका अध्यक्षज्यूद्धारा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं ३:**

आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनीको संचालक समितिको मिति २०८० पौष २२ गते सम्पन्न ७४ औ बैठकको सिफारीस बमोजिम ए.पि. एण्ड एसोसिएट्स, कमलादी, काठमान्डौलाई नियुक्ति गरि रु. २,००,००० (कर बाहेक) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतले पारीत भयो ।

**निर्णय नं ४:**

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडका संस्थापक समुहका ४ जना तथा सर्वसाधारण समूहका १ जना शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचन प्रयोजनार्थ मिति २०८० पौष ०२ गते सम्पन्न संचालक समितिको ७३ औ बैठकको निर्णय बमोजिम नियुक्त हुनुभएका निर्वाचन अधिकृत अधिवक्ता सुमन पौडेलको संयोजकत्वमा मिति २०८० पौष १६ गते प्रकाशित निर्वाचन तालिका बमोजिम सर्वसम्मत रुपमा निर्वाचित हुनु भएका देहायका संचालकहरुको घोषणा निर्वाचन अधिकृतद्धारा सम्पन्न गरि सपथ ग्रहण भयो ।

| क्र.सं. | उम्मेदवारको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नाम, थर, | समूह | पिता/पतिको नाम | ठेगाना | उमेर | लिंग | कैफियत |
| १. | भरतराज ढकाल | संस्थापक | रुद्र प्रसाद ढकाल | फापरथुम, स्याङजा | ५० | पुरुष | |
| २ | सिताराम काफ्ले | संस्थापक | कृष्ण प्रसाद काफ्ले | का.म.पा. ०३, काठमाण्डौ | ५१ | पुरुष | |
| ३ | तुलसीराम ढकाल | संस्थापक | भिम लाल ढकाल | दमक ०३, झापा | ५६ | पुरुष | |
| ४ | गोविन्द बहादुर राउत | संस्थापक | भिम बहादुर राउत | राप्ति, दाङ | ५० | पुरुष | |
| ५ | चिरञ्जीवी अर्याल | सर्वसाधारण | शिवलाल अर्याल | भिरकोट ०६, स्याङजा | ४८ | पुरुष | |

**विशेष प्रस्ताव अन्तरगतका निर्णयहरु:**

**निर्णय नं १:**

यस कम्पनीको प्रबन्धपत्र र नियमावलिमा संशोधन गर्ने विशेष प्रश्ताव बमोजिम निम्नानुसार संशोधन गर्ने र उल्लेखित प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित संशोधनको सम्बन्धमा कम्पनी रजिष्ट्रार र अन्य निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रश्ताव सर्वसम्मत रुपमा पारित भयो ।

## मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको प्रबन्धपत्र २०७५ मा तेश्रो संशोधन

| प्रबन्धपत्रमा भएको व्यवस्था | प्रबन्धपत्रमा संशोधन गर्नुपर्ने बुँदाहरु | संशोधनको औचित्य पुष्टी |
|---|---|---|
| दफा ४ (अ) कृषितर्फको (ड) कृषि तथा पशुपन्छीको बीमाको लागि एजेन्टको रुपमा काम गर्ने । | नर्सरी, बीउबिजन, बालि, पशुपन्छि, जलचर सम्बन्धि उत्पादन, प्रशोधन तथा उद्योग र वितरण लगायत सम्बन्धित क्षेत्रको निर्जीवन बीमा र कृषक, कृषि उद्यमी तथा उपभोक्ताहरुको जीवन बीमाको लागि एजेन्टको रुपमा काम गर्ने । | बीमा सम्बन्धि पहुँचलाई कृषि उत्पादन, प्रशोधन र वितरणसम्मका मूल्य श्रृंखलाका ग्रामिण तथा पहुँच बाहिरका सरोकारवालाहरु समक्ष सहज रुपमा विस्तार गर्न । |
| नभएको | जलश्रोत (पानी) को संकलन, भण्डारण, प्रशोधन र प्याकेजिङ गरी राष्ट्रिय र अन्तराष्ट्रिय बजारीकरण गर्ने । | कृषिजन्य उपजको उत्पादन र उपभोगसंग जलश्रोत प्रत्यक्ष रुपमा जोडिने हुँदा । |
| नभएको | जलवायु परिवर्तन न्यूनिकरण तथा नियन्त्रणका लागि विभिन्न किसिमका अनुकुलन, उत्थानशिल र रुपान्तरण सम्बन्धि सिप, प्रविधि, परामर्श तथा आवश्यक वस्तु तथा सेवाहरुको कारोबार गर्ने/गराउने । साथै कार्वन व्यापार सम्बन्धि कार्यहरु गर्ने/गराउने । | कृषिको उत्पादन र उत्पादकत्व वृद्धिसंग जलवायु परिवर्तन अन्तरसम्बन्धित रहेको र यसमा नीजि क्षेत्र संग्लग्नताको आवश्यकता बढ्दै गएको हुँदा । |
| नभएको | पशुपन्छि तथा जलचरको बधशालाको स्थापना तथा मासु, दुध, फलफुल, तरकारी, अन्न, गेडागुडी, मसालाबालि लगायतका कृषि उपजहरुको प्रशोधन केन्द्र/उद्योग स्थापना गर्ने/गराउने । | कृषि उपजहरुको मूल्य अभिवृद्धि गरी कृषकहरुको आयस्तर वृद्धि र उपभोक्ताहरुलाई गुणस्तरीय खाद्यान्नको उपलब्धता गर्न । |
| नभएको | कृषि र सम्बन्धित क्षेत्रको व्यसायमा आकर्षण वृद्धि, स्टार्टअप सेवा, प्राविधिक तथा लगानी सम्बन्धि परामर्श, व्यवसायिक क्षमता अभिवृद्धि गरी लघु, घरेलु र साना उद्यमीहरुको उद्यमशिलताको विकासको लागि उद्यमशिलता केन्द्रको स्थापना र संचालन गर्ने/गराउने । | युवाहरुलाई उद्यमशिलता केन्द्र मार्फत कृषि उद्यमीको रुपमा विकास गर्न र भएका उद्यमीहरुको दिगो व्यवसाय सुनिश्चित गर्न । |
| नभएको | कृषि मूल्य श्रृंखलामा कार्य गरिरहेका तथा गर्न इच्छुक स्वदेशी तथा विदेशी मध्यम तथा ठुला लगानीहरुको व्यवसायिक योजना तथा लगानी परामर्श सेवा उपलब्ध गराउने र सहकार्यमा परियोजनाहरु संचालन गर्ने/गराउने । | कृषिमा मध्यम तथा ठुलो लगानीलाई आकर्षित गर्दै व्यवस्थित रुपमा व्यवसाय संचालनको वातावरण निर्माण गर्न । |
| नभएको | समुह, सहकारी र अन्य संस्थाहरुसंगको सहकार्यमा कृषि श्रोत केन्द्र, कृषि प्रशोधन केन्द्र, कृषि बजार केन्द्र र कृषि व्यवसाय | उत्पादन देखि बजारसम्मको मूल्य श्रृंखला विकास गरी दिगो कृषि चक्रको निर्माण गर्न । |



Muktinath Krishi Co. Ltd.

| | | |
|---|---|---|
| | परामर्श केन्द्रको स्थापना र संचालन गर्ने/गराउने । | |
| नभएको | कृषि, वन र सम्बन्धित क्षेत्रको मूल्य श्रृंखलामा डिजिटल र कृतिम तिक्ष्णता (Artificial Intelligence) मा आधारीत प्रविधिहरुको विकास, प्रयोग र विस्तार गर्ने/गराउने । | कृषि मूल्य श्रृंखलासंग सम्बन्धित क्रियाकलापहरुलाई प्रविधिमैत्री बनाई कृषि लागत घटाउन आवश्यक रहेको हुँदा । |
| नभएको | सार्वजनिक, नीजि र सहकारीको साझेदारीमा कृषि सम्बन्धि परियोजनाहरुको विकास र संचालन गर्ने/गराउने । | कृषि जस्तो वृहत र अपरिहार्य क्षेत्रमा अर्थतन्त्रका सम्भाहकहरुको उपस्थितिमा व्यवसायलाई दिगो रुपमा संचालन र विस्तार गर्न । |
| नभएको | समुदायमा आधारीत फार्म उत्कृष्टता केन्द्र, अनुसन्धान र विकास केन्द्र तथा नमुना फार्महरुको स्थापना गर्ने/गराउने । | स्थानिय सिप, श्रोत, हावापानी र अन्य सम्भावनामा आधारीत अनुसन्धान, विकास र प्रसारका कार्यहरु गर्न आवश्यक रहेको हुँदा |

**मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको**
**नियमावली २०७५ मा दोश्रो संशोधन**

| नियमावलिमा भएको व्यवस्था | नियमावलिमा संशोधन गर्नुपर्ने बुँदाहरु | संशोधनको औचित्य पुष्टी |
|---|---|---|
| नियम २५: मतदान | नियम २५: निर्वाचन तथा मतदान | नभएको शब्दलाई थप गरिएको । |
| नभएको | नियम २५ (६): संचालकहरुको निर्वाचनका लागि संचालक समितिले निर्वाचन निर्देशिका बनाई सोहि निर्देशिका बमोजिम गर्नेछ । | संचालक निर्वाचनलाई व्यवस्थित गर्न आवश्यक नियमलाई थप गरिएको । |
| नभएको | नियम ३१ को उपनियम (३) संचालक समितिको बैठक बापत, प्रति बैठक अध्यक्षको रु १०,००० र अन्य संचालकहरुको प्रति बैठक रु ८,००० हुनेछ । | साधारण सभाले निर्णय गरेको विषयलाई नियमावलीमा समावेश गर्ने प्रयोजनार्थ । |
| नियम ३४ को उपनियम (३) मा, प्रबन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा साधारण सभाको निर्णय बमोजिम हुनेछ । | नियम ३४ को उपनियम (३) मा, प्रबन्ध संचालकको पारिश्रमिक तथा अन्य सुविधा वार्षिक साधारण सभाले संचालक समितिलाई दिएको अख्तियारी बमोजिम संचालक समितिको बैठकको निर्णय बमोजिम हुनेछ । | साधारण सभाको अख्तियारी बमोजिम संचालक समितिले संचालकको क्षमता तथा स्पष्ट काम, कर्तव्य र अधिकार सहित प्रबन्ध संचालकको नियुक्ति गर्न सक्ने भएको हुँदा । |

**निर्णय नं: २**

संचालक समितिको बैठक भत्ता बापत अध्यक्ष ज्यु र संचालकहरुको क्रमश प्रति बैठक रु ७,००० र रु ५,००० रहेकोमा अन्य संस्थाहरुको अभ्यास, कम्पनीको कामको प्रकृति र प्रचलित दररेटको आधारमा अध्यक्ष र संचालकहरुको प्रति बैठक भत्ता क्रमश रु १०,००० र रु ८,००० गर्ने प्रश्ताव सर्वसम्मतले पारीत भयो । साथै कम्पनीको कामको शिलशिलामा हुन जाने राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमणको सन्दर्भमा खानबस्न लगायतका वास्तविक बिलको आधारमा भुक्तानी गर्ने र हाललाई कम्पनीको वित्तिय अवस्थालाई मध्यनजर गर्दे दैनिक भ्रमण भत्ता लगायत अन्य कुनैपनि भत्ताको व्यवस्था नगर्ने निर्णय भयो ।

**निर्णय नं ३:**
कम्पनीको प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धि प्रस्ताव सर्वसम्मतले पारित भयो ।

**निर्णय नं ४:**
यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने प्रश्ताव सर्वसम्मतले पारित भयो ।

**विविध:**
**निर्णय नं १:**
यस कम्पनीको सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ आइटेक लिमिटेडको** प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि देहायबमोजिको तदर्थ समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री गजेन्द्रमान श्रेष्ठ (नुवाकोट) | संचालक |
| २. श्री ध्रुवराज पौडेल (स्याङजा) | संचालक |
| ३. श्री विश्व घिमिरे (दाङ) | संचालक |

**१३) धन्यबाद ज्ञापन तथा समापन कार्यक्रम :** पाँचौ वार्षिक साधारण सभामा निर्वाचित संचालकहरु मध्येबाट श्री सिताराम काफ्लेज्यूले मुक्तिनाथ कृषि कम्पनीका सम्पूर्ण शेयरधनी तथा उपस्थित महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । साथै शेयरधनीहरुको साथ, विश्वास र अपेक्षालाई कायम राख्दै कम्पनीले कृषि चक्रको विकास गरी देशको कृषि मूल्य श्रृंखला व्यवस्थापनमा उदारणीय र विशिष्ट कम्पनी बनाउने प्रतिवद्धता सहित सभाको अन्त्य भएको जानकारी दिँदै साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| कम्पनी सचिव | अध्यक्ष | कम्पनीको छाप |
|---|---|---|